NPI.... for quality technical education and vocational training

# नारायणी बहुप्राविधिक शिक्षालय

भरतपुर १०, चितवन



नारायणी बहुप्राविधिक शिक्षालय

## नि:शुल्क रुपमा संचालन गरिने औद्योगिक प्रशिक्षार्थी तालीम (APPRENTICESHIP) कार्यक्रम सम्बन्धी सूचना

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा यस शिक्षालयमा संचालन हुने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) अन्तर्गत Early Childhood Development Facilitation (ECDF) मा ४० जना र Pre-Diploma in Automobile Engineering मा ४० जना कोटामा नि:शुल्क रुपमा तालीम संचालन गर्न लागिएकोले ईच्छुक युवाहरुले शिक्षालयमा शिघ्र सम्पर्क गरी आवेदन फाराम भर्नु हुन अनुरोध छ ।

### आवेदन फारामसाथ पेश गर्नुपर्ने कागजातहरु :

१. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति रंगिन फोटो ।
२. SEE/SLC वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. नेपाल बाहेक अन्य मुलुकबाट SEE/SLC वा सो सरहको परीक्षा उतिर्ण गर्नेहरुको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

### छनोट प्रक्रिया सम्बन्धी कार्यक्रम

क. आवेदन फाराम वितरण गर्ने मिति २०७९ भाद्र ०३ गते बिहिवारबाट ।
ख. आवेदन फाराम पाउने तथा बुझाउने स्थान : नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर १०, चितवन ।
ग. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०७९ भाद्र २१ गते मंगलवार सम्म ।
घ. लिखित प्रवेश परीक्षा हुने मिति र समय : २०७९ भाद्र २५ गते शनिवार, बिहान ११:०० बजे
ङ. लिखित परीक्षा संचालन हुने स्थान : नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर १०, चितवन
च. अन्तर्वार्ता हुने मिति र समय :२०७९ भाद्र २५ गते अपरान्ह ०१:०० बजे देखि शुरु हुने ।
छ. अन्तर्वार्ता संचालन हुने केन्द्र : नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर १०, चितवन ।

**बिस्तृत जानकारीको लागि : मिति २०७९ भाद्र ०२ गतेको गोरखापत्र वा www.ctevt.org.np वा www.npictevt.edu.np मा हेर्नु हुन वा शिक्षालयको सम्पर्क नं. ०५६-४९३३१६/४९३३६२,९८५५०१२६३३ मा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।**





Survey Camp अनुगमन तथा सुपरीवेक्षण

## PHOTO GALARY



OJT Monitoring at CGIP



भरतपुर महानगरसंग Professional Building Electrician तालीमको MOU गर्दै



प्रयोगात्मक अभ्यासमा अटोमोबाइलका प्रशिक्षार्थीहरु



प्रयोगात्मक अभ्यासका क्रममा ECDF प्रशिक्षार्थीहरु प्रशिक्षण सामग्री तयार गर्दै

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# नारायणी बहुप्राविधिक शिक्षालय

भरतपुर १०, चितवन

## वृत्ति पथ (Career Guide)

| **वृत्तिको नाम (Career Name) :** | **Early Childhood Development Facilitation** |
|---|---|
| परिभाषा (Definition) : | प्राथमिक तहको शिक्षा लिने उमेर भन्दा मुनिका बालबालिकाहरुको सामाजिक, शारीरिक, संवेगात्मक र बौद्धिक विकासलाई बैकल्पिक खेल विधिको माध्यमबाट बढावा दिने व्यक्ति पुर्व बाल-विकास सहजकर्ता (Early Childhood Deveiopment Facilitator) हुन् I |
| गर्नु पर्ने मुख्य कार्यहरु (Major Tasks): | • अनौपचारिक रुपमा रमाइलोसंग साना बालबालिकाहरुलाई आधारभूत ज्ञान दिन र सीप सिकाउन दैनिक शिक्षण पाठ योजना तयार पार्ने I<br>• आवश्यक शैक्षिक सामग्रीहरुको विकास गर्ने I<br>• कक्षाकोठाको व्यवस्थापन गर्ने, पाठ्यक्रम अनुसार विभिन्न विषयका बिषय बस्तुहरु रोचक रुपमा प्रस्तुत गर्ने I<br>• बालबालिकाको स्वास्थ्य स्थिति र सामाजिक कार्यमा संलग्नताको अवलोकन गर्ने र अभिभावकहरुलाई जानकारी गराउने I<br>• बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलापमा संलग्न गराउने I |
| महत्व र फाइदा (Importance and Advantages) : | • स-साना बालबालिकाहरुसंग काम गर्ने अवसर I<br>• रोजगारीको अवसर I<br>• स्वरोजगारमा जान सकिने (Montessori स्कूल खोल्न सकिने) |
| क्षमता (Potential) : | **प्राथमिक क्षमता (Primary Potential) : Verbal/Linguistic intelligence**<br>**द्वितीयक क्षमता (Secondary Potential) : Interpersonal Intelligence** |
| वाञ्छनीय योग्यता (Eligibility) | माध्यमिक शिक्षा परीक्षा (१० कक्षा पास) |
| कार्य क्षेत्र (Working Area) | • पूर्व प्राथमिक बिद्यालय<br>• बालबालिका गृह<br>• डे केयर सेन्टर (Montessori Center) |
| वृत्ति विकास पथ (Career Development Path) | • मन्टेश्वरी प्रशिक्षक<br>• बरिष्ठ मन्टेश्वरी प्रशिक्षक (शिक्षक / शिक्षिका)<br>• मन्टेश्वरी बिद्यालय संचालक<br>• योग्यता अनुसार अघिल्लो तहको अध्ययन तथा तालीम |
| प्रारम्भिक मासिक आय (Initial Monthly Income) | रु. १०,०००/- देखि १७,०००/- सम्म |



शिक्षालयमा १५ हप्ता प्रशिक्षणको क्रममा



बास्तविक कार्यस्थलमा प्रशिक्षणको क्रममा



बास्तविक कार्यस्थलमा प्रशिक्षणको क्रममा

# नारायणी बहुप्राविधिक शिक्षालय

भरतपुर १०, चितवन

## वृत्ति पथ (Career Guide)

| | |
|---|---|
| **वृत्तिको नाम (Career Name) :** | **Pre-Diploma in Automobile Engineering** |
| परिभाषा (Definition) : | डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिंग भौतिक विज्ञानको एक भाग हो जसमा मेकानिकल, इलेक्ट्रिकल,इलेक्ट्रोनिक्स,डिजाइन सिस्टमको सैद्धान्तिक र प्रयोगात्मक ज्ञान सामेल छ र सो ज्ञानको प्रयोग गरि विभिन्न अटोमोबाइलहरुको डिजाइन, निर्माण र मर्मत सम्भारका कार्यहरु गरिन्छ I |
| गर्नु पर्ने मुख्य कार्यहरु (Major Tasks): | • अटो मेकानिक्स Drawing बनाउने<br>• विभिन्न Automobiles हरुको Design र Drawing को लागि कम्प्युटर एडेड सफ्टवेयरहरु चलाउने<br>• चार चक्के र दुइ चक्के अटोमोबाइल मर्मत सम्भार गर्ने<br>• विभिन्न अटोमोबाइल सिस्टम एसेम्वल र डिसेम्बल गर्ने तथा समस्या पत्ता लगाई हाल गर्ने<br>• FI, ABS System जस्ता बजारमा आएका नयाँ नयाँ प्रविधिहरुमा दक्ष बन्ने<br>• इन्जिनियरहरुसंग सहकार्य गरि Project को लागत, समय र खर्च निर्धारण गर्ने |
| महत्व र फाइदा (Importance and Advantages) : | • अटो सब इन्जिनियरको बजारमा अत्यधिक माग<br>• अटो र मेकानिकल दुवै क्षेत्रमा समान अवसर<br>• सम्मानित मुल्यको कार्य<br>• देश तथा बिदेशमा उच्च शिक्षा तथा कामको अवसर |
| क्षमता (Potential) : | **प्राथमिक क्षमता** : अनुसन्धनात्मक, तार्किक (Logical) |
| | **द्वितीय क्षमता** : व्यक्तिगत |
| वाञ्छनीय योग्यता (Eligibility) | माध्यमिक शिक्षा परीक्षा (१० कक्षा पास) |
| कार्य क्षेत्र (Working Area) | • यातायात मन्त्रालय र अन्तर्गतका कार्यालयहरु (जस्तै यातायात कार्यालय)<br>• नागरिक उड्यन प्राधिकरण<br>• नेपाल टेलिकम<br>• निजी स्तरका ठुला/मझौला/साना व्यवसायिक घराना<br>• अटोमोबाइल सम्बन्धी मेशिन तथा उपकरण र सामग्री उत्पादन गृह<br>• स्थानीय व्यापार व्यावसाय<br>• निजि परामर्श कम्पनी<br>• CTEVT<br>• नेपाल आर्मी/नेपाल प्रहरीको प्राविधिक तर्फ<br>• निजि परामर्श कार्यालय |
| वृत्ति विकास पथ (Career Development Path) | • अटोमोबाइल सब इन्जिनियरिंग<br>• स्नातक अटोमोबाइल इन्जिनियरिंग<br>• स्नातकोत्तर अटोमोबाइल इन्जिनियरिंग<br>• प्राध्यापक<br>• बिज्ञ<br>• परामर्शदाता |
| प्रारम्भिक मासिक आय (Initial Monthly Income) | २५,०००/- देखि ३५,०००/- सम्म |



छोटो अवधिको तालीमको प्रयोगात्मक अभ्यासका क्रममा अटोमोबाइलका प्रशिक्षार्थीहरु



प्रयोगात्मक अभ्यासका क्रममा अटोमोबाइलका प्रशिक्षार्थीहरु



प्रयोगात्मक अभ्यासका क्रममा अटोमोबाइलका प्रशिक्षार्थीहरु

## औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) को परिचय

औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) Dual-Vet प्रणालीमा आधारित प्रशिक्षण पद्धति हो , जसमा शिक्षालय/तालीम प्रदायक संस्था र उद्योग/व्यवसायको प्रत्यक्ष सहकार्यमा औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) लाई कार्य स्थलमा आधारित सिकाई तथा अधिकतम अभ्यासको अवसर उपलब्ध गराइन्छ । उद्योग/व्यवसायले आफ्नो दक्ष कामदारहरु मध्ये कम्पनी प्रशिक्षकको रुपमा तोकेको कामदारको सुपरिवेक्षणमा औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) ले वास्तविक कार्यस्थलको वातावरणमा सीप सिक्नुको साथै सम्बन्धित उद्योग/व्यवसायको उत्पादकत्वमा समेत योगदान पुर्याऊँछ । औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) लाई उद्योग/व्यवसायले नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक ज्यालाको कम्तिमा २५ प्रतिशत रकम प्रोत्साहन स्वरूप प्रदान गराउनु पर्नेछ ।

औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) औपचारिक कार्यक्रम भएकोले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को बार्षिक क्यालेन्डरलाई आधार बनाई संचालन गर्नु पर्नेछ । शिक्षालय/तालीम प्रदायक संस्थामा पाठ्यक्रम अनुसार प्राविधिक ज्ञान (Knowledge), सीप (Skill) र प्रबित्ति (Attitude) का बारेमा सिकईनुको साथै श्रम बजार र वृत्ति विकास (Career Development) सम्बन्धी समेत परामर्श दिईनेछ । वृत्ति विकास सम्बन्धी परामर्श सेवा औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) हरुको सिफारिस गर्ने र परिषद् परीक्षा नियन्त्रण कार्यालय (प.नि.का.) को प्रवेश परीक्षाबाट छनौट भएका प्रशिक्षार्थीहरु तालीममा सहभागी हुनेछन ।

औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) हरुले तोकिएको पाठ्यक्रम अनुसारको सीप शिक्षालय/तालीम प्रदायक संस्थामा ज्ञान,सीप र प्रबित्ति सिक्नुको साथै उद्योग/व्यवसायमा कम्पनी प्रशिक्षकको निगरानीमा रहेर वास्तविक कार्यस्थलको सीप हासिल गर्दै औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) यात्रा तय गर्दछन । उद्योग/व्यवसायमा हुने प्रशिक्षणको प्रभावकारिता र उचित व्यवस्थापनको लागि शिक्षालय/तालीम प्रदायक संस्था, उद्योग/व्यवसाय र औद्योगिक प्रशिक्षार्थीहरु बीच त्रिपक्षीय सम्झौता गरिन्छ । शिक्षालय/तालीम प्रदायक संस्था र सम्बन्धित उद्योग/व्यवसायले प्रत्येक ६ महिनामा प्रशिक्षार्थीहरुको आन्तरिक मुल्यांकन गरी सिकाईको मापन गरिन्छ । तालीम अवाधिको अन्त्यमा परिषद् प.नि.का. द्वारा अन्तिम परीक्षा लिईन्छ र सो परीक्षा उतिर्ण गरेमा प्रशिक्षार्थीहरुले प्रमाणपत्र प्राप्त गर्ने छन् ।

## औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) को बिशेषता

- औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) दुई स्थान (तालीम केन्द्र/उद्योग व्यवसाय) मा सिक्ने Dual-Vocational Education and Training or Dual-VET) पद्धतिमा आधारित हुन्छ ।
- औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) अवधिमा उद्योगमा रहेर प्रयाप्त अभ्यास गर्ने मौका प्राप्त हुनुको साथै आम्दानी समेत हुने भएकोले प्रशिक्षार्थीहरुको उत्प्रेरणामा समेत वृद्धि हुन्छ ।
- औद्योगिक प्रशिक्षार्थीहरुले उद्योग/व्यवसायको दैनिक उत्पादन कार्यमा संलग्न भई वास्तविक सीप सिक्ने भएकोले तालीम पश्चात रोजगारीको सम्भाना उच्च रहन्छ ।
- औद्योगिक प्रशिक्षार्थीहरुले गुणस्तरीय सिकाईसंगै उद्योग/व्यवसायको उत्पादकत्वमा समेत योगदान पुर्याउँछन् ।
- औद्योगिक प्रशिक्षार्थीहरुले परिषद प.नि.का. द्वारा संचालित अन्तिम परीक्षा उतिर्ण गरेमा प्रि-डिप्लोमा तहको प्रमाणपत्र प्राप्त गर्ने छन् ।


## तालीम कार्यान्वयन समय तालिका र मुख्य क्रियाकलाप

यो तालिका २४ महिने तालीमको लागि तयार पारिएको हो । औद्योगिक प्रशिक्षार्थीहरुलाई तालीमको शुरुवाती १५ हप्ता (३.५ महिना) पूर्ण रुपमा शिक्षालय/तालीम प्रदायक संस्थामा शिक्षण गराइन्छ भने त्यस पछिको ७८ हप्ता (करिव १९.५ महिना) अवधिमा हप्ताको पाँच दिन उद्योग/व्यवसायमा र एक दिन शिक्षालय/तालीम प्रदायक संस्थामा सिकाइन्छ । अन्तिम ४ हप्ता (१महिना) शिक्षालय/तालीम प्रदायक संस्थामा प्रशिक्षार्थीहरुलाई पाठ्यक्रम अनुसार सिक्न बाँकी रहेका ज्ञान र सीप सिकाउने र

अन्तिम परीक्षाको तयारी गराइनेछ । बिस्तृत रुपमा औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) कार्यक्रम कार्यान्वयन समय तालीका तलको चित्रमा प्रस्तुत गरिएकोछ ।

Conceptual Framework of Apprenticeship Model

**Conceptual Framework of Apprenticeship Model**




मुख्यतः उल्लेखित तालिका अनुसार औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप) समय तालिका र क्रियाकलापहरु निम्न बमोजिम छन् ।

- पहिलो करिव १५ हप्तामा प्रशिक्षार्थीहरुलाई शिक्षालय/तालीम प्रदायक संस्थामा शिक्षण गराइन्छ, जसमा पाठ्यक्रम अनुसार पेशासंग सम्बन्धित प्राविधिक ज्ञान, सीप र प्रवित्तिका बारेमा सिकाईन्छ । यसको साथै प्रशिक्षार्थीहरुलाई सम्बन्धित पेशामा गर्नुपर्ने कामको बारेमा जानकारी गराई सो पेशाबाट जीविकोपार्जन तथा थप वृत्ति विकास (Career Development) सम्बन्धी परामर्श दिईन्छ ।
- १६ औं हप्ता देखि ९३ औं हप्तासम्म प्रशिक्षार्थीहरुलाई सम्बन्धित उद्योग/व्यवसायमा पठाईन्छ र तोकिएको कम्पनी प्रशिक्षकको निगरानी/सुपरिवेक्षणमा दैनिक उत्पादन प्रक्रियामा सहभागी गराई सिकाइन्छ । यस अवधिमा प्रत्येक हप्ताको एक दिन शिक्षालय/तालीम केन्द्रमा सैद्धान्तिक र प्रयोगात्मक सिकाइनुको साथै कार्यस्थल सिकाइका क्रममा प्राप्त ज्ञान/अनुभवहरु एकापसमा आदान-प्रादान गरी आई परेका समस्याका बारेमा आवश्यक छलफल गरिन्छ ।
- तालीमको अन्तिम ९४ औं देखि ९७ औं हप्ता सम्म प्रशिक्षार्थीहरु शिक्षालय/तालीम प्रदायक संस्थामा पाठ्यक्रम अनुसार सिक्न बाँकि रहेका ज्ञान र सीप सिक्ने र अन्तिम परीक्षाको तयारी गर्दछन् ।
- शिक्षालय/तालीम प्रदायक संस्था र उद्योग व्यवसायले पाठ्यक्रम अनुसार प्रथम, दोश्रो र तेश्रो ६ महिनामा १/१ पटक गरी जम्मा ३ पटक आन्तरिक मुल्यांकन लिनु पर्नेछ ।
- शिक्षालय/तालीम प्रदायक संस्था र उद्योगले माथि उल्लेखित मुल्यांकन बाहेक पाठ्यक्रम अनुसार सिकाई मुल्यांकन निरन्तर गर्नु पर्नेछ ।
- तालीमको अन्त्यमा (९७ औं हप्ता पछि) CTEVT परीक्षा नियन्त्रण कार्यालयले अन्तिम परिक्षा संचालन गर्नेछ ।